# बाँके, बर्दियाका विभिन्न स्थानीय तह र जिल्लामा बाढीजन्य विपद् तथा प्रतिकार्य पूर्वतयारीको अवस्था स्थलगत अध्ययन तथा अनुगमन प्रतिवेदन



**इन्सेक लुम्बिनी प्रदेश कार्यालय, नेपालगञ्ज**
२०७८ असार १० गते

*अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) प्रदेश कार्यालय, नेपालगञ्ज, राष्ट्रिय मानव अधिकार आयोग, नेपालगञ्ज र उपभोक्ता हित संरक्षण मञ्चको संयुक्त आयोजनामा बाँके र बर्दियाका विभिन्न स्थानहरूका बाढीजन्य विपद् तथा प्रतिकार्य पूर्व तयारीको अवस्थाका बारेमा स्थलगत अध्ययन र अनुगमन गर्नुको साथै विभिन्न सरोकारवाला निकायहरूसँग भेटघाट गरी पूर्व तयारीका बारेमा बुझ्ने काम भएको छ।*

## अनुगमनकर्ताहरू

१) भोला महत, संयोजक, इन्सेक लुम्बिनी प्रदेश कार्यालय, नेपालगञ्ज
२) झङ्कर बहादुर रावल, प्रमुख, राष्ट्रिय मानव अधिकार आयोग, नेपालगञ्ज
३) दया पाठक, अधिकृत, राष्ट्रिय मानव अधिकार आयोग, नेपालगञ्ज
४) बसन्त गौतम, अध्यक्ष, उपभोक्ता हित संरक्षण मञ्च, बाँके

## अनुगमन मिति

२०७८ असार ४ गते (बाँके)
२०७८ असार ६ गते (बर्दिया)



*राप्ती सोनारी गाउँपालिकामा विपद् व्यवस्थापनका लागि भण्डारण गरिएका सामग्रीहरूको अवलोकन गर्दै अनुगमन टोली।*

## अनुगमनको उद्देश्य

प्रत्येक वर्ष वर्षायामको समयमा आउने बाढी पहिरोका कारण सयौँ नागरिकहरूले ज्यान गुमाउनु परेको, हजारौँको धनजनको क्षति हुने गरेको, त्यतिकै सङ्ख्यामा विस्थापन हुनुपरेका घटनाहरू आम नागरिकहरूले भोग्दै आइरहेका छन् । यस वर्षपनि वर्षायामका सुरुवातसँगै उल्लेखित समस्याहरूबाट नागरिकहरू पीडित हुन थालेका छन् । स्थानीय तह, जिल्लाका दैवि प्रकोप तथा विपद् व्यवस्थापन समितिहरूले बाढी पूर्वका तयारीहरू कसरी गरिरहेका छन् ? बाढी पहिरोबाट आफ्ना नागरिकहरूलाई सुरक्षित राख्न उनीहरूको पूर्व योजना तथा तयारी के के छ ? र, पूर्व तयारीका सर्न्दभमा देखिएका समस्या, चुनौति र समन्वय, सहकार्यका लागि सरोकारवालाहरूलाई झक्झक्याउने, सचेत पार्ने र कम क्षतिका लागि पहल गर्न सुझाव दिने उद्देश्य राखेर अनुगमन गर्ने योजना गरिएको थियो ।

## बाँके जिल्लामा अनुगमनका क्रममा भएका छलफल तथा विभिन्न व्यक्तिहरूका भनाइहरू

### कान्छा थारु, वडा अध्यक्ष, राप्ती सोनारी गाउँपालिका–४, बाँके

- वडा स्तरमा पनि विपद् व्यवस्थापन समिति बनेको छ ।
- विपद् व्यवस्थापन कोष वडामा रहेको छैन । गाउँपालिकामा निर्भर रहनु परेको अवस्था छ ।
- यस वर्ष हालसम्म कुनै धनजनको क्षति यस वडामा भएको छैन ।
- सबैभन्दा जोखिम यस वडामा पशरामपुर, लालपुर र धामपुर रहेको छ ।

**धनीकुमारी खत्री, उपाध्यक्ष, राप्ती सोनारी गाँउपालिका, बाँके**

- असार ३ गते सिडियो, सुरक्षा निकायसहितको उपस्थितिमा बैठक बसेर विपद् पूर्व तयारी तथा प्रतिकार्य अद्यावधिक गरेको छ ।
- यस वर्ष हालसम्म वर्षाको प्रभाव यस गाउँपालिकामा परिसकेको छैन ।

**लोकबहादुर शाही, प्रमुख प्रसासकीय अधिकृत, राप्ती सोनारीगाउँपालिका, बाँके**

- असार ३ गते विपद् व्यवस्थापन समितिको बैठकले विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना अद्यावधिक गरिएको छ ।
- विपद् कोषमा १ करोड रुपियाँ छुट्याइएको छ ।
- राप्तीमा पानीको सतह बढ्दा सूचनाको लागि साइरन जडान गरिएको छ ।
- बी ग्रुप र रेडक्रस जस्ता संस्थासँग सहकार्य गरिएको छ ।
- विभिन्न एफएम रेडियोबाट थारु भाषामा विपद् सचेतनाका सूचना प्रवाह गरिएको छ ।

## बाँके जिल्लामा अनुगमन गर्दा देखिएका तथ्यहरू

बाँके जिल्लामा मुलतः राप्ती नदीले बढी प्रभाव पार्ने गरेको छ । प्रत्येक वर्षको वर्षायाममा आउने बाढीले यस नदी आसपासमा बसोबास गर्ने घर परिवारमा धनजनको क्षति गराउने गरेको अवस्थालाई मध्यनजर गर्दै अनुगमन टोलीले सबैभन्दा बढी प्रभाव पार्ने क्षेत्र राप्ती सोनारी गाँउपालिका अन्तरगतका विभिन्न जोखिमयुक्त क्षेत्रहरू जस्तै बैजापुर, वैसा, सुर्यलालपुर लगायतका क्षेत्रको अनुगमन गरियो । अनुगमनका क्रममा टोलीले स्थानीय व्यक्तिहरू, गाउँपालिकाका प्रतिनिधि तथा कर्मचारीहरूसँग छलफल गरेको थियो । स्थलगत अध्यन, अनुगमन र छलफलबाट निम्न प्रकारको अवस्था रहेको पाइयो ।



*राप्ती सोनारी गाउँपालिकाले विपद् व्यवस्थापनका लागि गरेका पूर्व योजनाका बारेमा उपाध्यक्ष र प्रशासकीय अधिकृतसँग छलफल गर्दै टोली ।*

- यस पटकको वर्षामा राप्तीको पानी अहिलेसम्म खतराको बिन्दुमा पुगेको पाइएन ।
- हालसम्म वर्षाको पानीले यस क्षेत्रमा कुनै प्रकारको धनजनको क्षति गरेको देखिएन ।
- प्रत्येक वडा तथा स्थानीय तहले विपद् पुर्व तयारी तथा प्रतिकार्य समिति बनाएको पाइयो ।
- विपद् व्यवस्थापन कोष कुनै पनि वडामा नरहेको र राप्ती सोनारी गाँउपालिकामा भने १ करोड रुपियाँको विपद् व्यवस्थापन कोष स्थापना गरेको पाइयो ।
- गाउँपालिकाले प्रमुख जिल्ला अधिकारी, विभिन्न सुरक्षा निकाय र स्थानीय जनप्रतिनिधिहरूको उपस्थितिमा विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना अद्यावधिक गरेको पाइयो ।

**गाउँपालिकाले आफ्ना विभिन्न वडाहरूमा देहाय बमोजिम सम्भावित बाढीले कटान, पटान र डुबान हुने क्षेत्र पहिचान गरेको पाइयो ।**

वडा नं १ का खोकरी, भम्का, भवानियापुर, लौकी, बैरिया, ओजखोला, जोरुवा, सिक्टा, अमुवा र गाभर
वडा नं २ का कचनापुर, टिकुलीपुर, राजापुर, गौशाला नजिक
वडा नं ३ का साइपुर, जङ्गपुर, खैरहनी, सिनावास र कमैया डाँडा
वडा नं ४ का लालपुर, पशरामपुर र धामपुर
वडा नं ५ का पथरैया, ललही र अलिननगर
वडा नं ६ का विनौना र नयाँवस्ती, खहरे खोला र नहरबाट प्रभावित हुने गुलरी, ढलैया, खल्लाटपरी, लक्ष्मीराजपुर तथा सिधनवा राप्तीबाट प्रभावित हुने
वडा न ७ का सर्रा, सर्री र विसम्भरपुर
वडा नं ८ का खल्लागाँउ, वालापुर, बनखेत टोल बाढीबाट परुवाखोलाबाट डुवान हुने ।
वडा नं ९ का कमैया बस्ती (झिझरी खोलाबाट), ढकेरी (भक्ताखोलाबाट), मौवाटोल, बुच्चापुर (चुकेनालाबाट) प्रभावित हुने क्षेत्र ।

- राप्तीको सतह बढेमा जानकारी गराउने साइरन बाँकेको कुसुममा रहेको र उक्त साइरनले हाल पनि काम गरिरहेको पाइयो ।

***विपद् पुर्व तयारीको लागि देहाय बमोजिमको सामग्री यस स्थानीय तहको आपतकालिन कार्य सञ्चालन केन्द्रमा भण्डार रहेको पाइयो ।***

| क्र.सं | सामग्री विवरण | सङ्ख्या |
|---|---|---|
| १ | टेलिभिजनएल इडी | १ |
| २ | डेस्कटप कम्प्युटर | १ |
| ३ | डिजिटल क्यामेरा | १ |
| ४ | लेजर प्रिन्टर | १ |
| ५ | एक्सटरनल ड्राइभ | १ |
| ६ | टरपोलिन | ५० |
| ७ | रबर म्याट्रेस | ५० |
| ८ | लाइफ ज्याकेट | १५ |
| ९ | क्लाइम्बिङ रोप | १२० |
| १० | सेफ्टी हेलमेट | १५ |
| ११ | सेफ्टीग्लास | १५ |
| १२ | सेफ्टीबुट | १५ |
| १३ | स्ट्रेचर | १० |
| १४ | कम्बल | ५० |
| १५ | रबरबोट | ३ |

अक्सिजन सिलिन्डर, बेल्चा, गैंती, टर्चलाइटलगायत ४३ प्रकारका सामग्री



दैनिक नेपालगन्ज

मुख्य समाचार | विविध

## बाढीजन्य विपद् तथा प्रतिकार्य पूर्वतयारीमा अधिकारकर्मीको चासो

By नेपालगन्ज न्यूज - 19 June, 2021

Like 25

Facebook | Twitter | Google+ | Pinterest

बाढीजन्य विपद तथा प्रतिकार्य पूर्वतयारीको अवस्था बारे बुझ्न अधिकारकर्मीको एक टोली राप्ती सोनारी गाउँपालिकाको बिभिन्न स्थानको अनुगमन गरेको छ ।

राष्ट्रिय मानव अधिकार आयोगका नेपालगंज शाखा प्रमुख झंक्कर बहादुर रावल, अधिकृत दया पाठक, इन्सेक लुम्बिनी प्रदेश संयोजक भोला महत र एडभोकेसी फोरमका संयोजक अधिवक्ता वसन्त गौतमको टोलीले शुक्रवार राप्ती सोनारीका बिभिन्न स्थानको स्थलगत अनुगमन गर्नुका साथै प्रतिकार्य पूर्वतयारीको अवस्था र पालिकाको कार्ययोजना बारे जनप्रतिनिधिहरुसंग छलफल गरेको थियो । यस क्रममा अनुगमन टोलीले राप्ती सोनारी गाउँपालिकाका उपाध्यक्ष धनी कुमारी खत्री, ४ नं वडा अध्यक्ष कान्छा थारु र पालिकाका प्रशासकिय अधिकृत लोक बहादुर शाही लगायतका पदाधिकारीसंग छलफल गरेको जनाएको छ । छलफलका क्रममा पालिकाका पदाधिकारी र प्रशासकिय अधिकृतले राप्ती सोनारी गाउँपालिकाले बाढीजन्य बिपद पुर्व तयारी तथा प्रतिकार्य योजनामा बनाएको जानकारी दिए । यस क्रममा संभावित बाढीजन्य प्रभावित स्थानको पहिचान गर्ने, सुचना प्रणालीलाई ब्यवस्थित बनाउने र उद्धार सामाग्री जोहो गर्ने, आवश्यकता अनुसार उद्धार र पुनस्थापना गर्ने लगायतका बिषयलाई समेटिएको पालिकाका प्रशासकिय अधिकृत लोक बहादुर शाहीले जानकारी दिए ।

असार लागेसगै देशका बिभिन्न भागमा बाढीजन्य विपदका कारण ठुलो जनधनको क्षति भएसंगै बाँकिमा पनि त्यसले पार्न सक्ने असर र प्रतिकार्य पुर्वतयारीको अवस्था बारे बुझ्न अधिकारकर्मीको टोलीले स्थलगत भ्रमण गरेको राष्ट्रिय मानव अधिकार आयोगका नेपालगंज शाखा प्रमुख झंक्कर बहादुर रावलले जानकारी दिए ।

यस क्रममा अनुगमन टोलीले बाढीजन्य बिपदबाट बच्न पालिकाको पुर्व तयारी र प्रतिकार्य योजना, संभावित बाढी प्रभावित क्षेत्र, बिपत ब्यवस्थापन, उद्धार र राहत लगायतका सवालमा पालिका पदाधिकारीसंग छलफल गरिएको इन्सेक लुम्बिनी प्रदेश संयोजक भोला महतले जानकारी दिए ।

बर्षात सुरुवात भएसंगै राप्ती नदिमा आउने बाढीले बर्षेनी ठुलो मात्रामा जनधनको क्षति पुराउने गरेको र बर्खा लागेसंगै देशका बिभिन्न भागमा बाढी पहिरोले धनजनको क्षति पु¥याईरहेको सम्बन्धमा धनजनको क्षति कम गर्न बाढीजन्य बिपद पुर्व तयारी तथा प्रतिकार्य योजनाको महत्वपुर्ण भुमिका रहने भएकाले अवस्था बुझि समयमै सरोकारवालाको ध्यानाकर्षण गराउने उदेश्यले स्थलगत अनुगमन गरिएको अधिकारकर्मी वसन्त गौतमले जानकारी दिए ।

अधिकारकर्मीको टोलीले स्थलगत अनुगमन पश्चात जिल्ला प्रशासन कार्यालय बाँकेले बाढीजन्य बिपद् पूर्वतयारी तथा प्रतिकार्यका योजनाका बिषयमा बाँकेमा सहायक प्रमुख जिल्ला अधिकारी दिर्घराज उपाध्यायसंग चासो राखेको थियो । यस क्रममा सहायक प्रजिअ उपाध्यायले जिल्ला बिपत ब्यवस्थापन समितिको बैठक बसी पुर्व तयारी र कार्ययोजना बनाएको जानकारी दिएको राष्ट्रिय मानव अधिकार आयोगका नेपालगंज प्रमुख झक्कर बहादुर रावलले बताए । अधिकारकर्मीले बाढीजन्य बिपद् पूर्वतयारी तथा प्रतिकार्यका योजनाका बारेमा बाँकि, बर्दिया जिल्लाका बिभिन्न स्थानको अनुगमन गर्ने र पूर्वतयारी तथा प्रतिकार्यका योजनाकालाई प्रभावकारी बनाउन सरोकारवाला निकायको ध्यानाकर्षण गराईने रावलले बताए ।

बाढीजन्य बिपद् पूर्वतयारी तथा प्रतिकार्यका लागी पालिकाले वडा नं १ देखि ८ का राप्ती नदिबाट कटान, पटान र डुवान हुने क्षेत्रहरुको पहिचान गर्ने, सबै वडामा सुचना सम्प्रेषणका लागी वडा अध्यक्षलाई सम्पर्क ब्यक्ति तोक्ने, बाढीको पुर्वसुचना प्रणालीलाई प्रभावकारी बनाउने र सरोकारवाला निकायसंगको समन्वय र सहकार्यमा प्रतिकार्यात्मक कार्य गर्ने निर्णय पालिकाले गरेको जनाएको छ ।
यसै बिच बाढीजन्य बिपद् पूर्वतयारी तथा प्रतिकार्यको अवस्था बारे बुझ्न जिल्ला प्रशासन कार्यालय बाँकेका प्रमुख जिल्ला अधिकारी शिवराम गेलाल लगायत सबै सुरक्षा निकायका प्रमुखहरुको सहितको जिल्ला विपद व्यवस्थापन समितिको टोलीले असार ३ गते राप्ती नदि क्षेत्रको स्थलगत अनुगमन गरेको थियो । यस क्रममा टोलीले राप्ती नदीमा जडान गरिएको जलस्तर मापन केन्द्रको निरिक्षण गर्नुका साथै पानीको बहाव र सतहका बारेमा जानकारी लिएका लिए । अनुगमन टोलीले अगैयास्थित सिक्टा सिचाईको मुख्य बाँधको निरिक्षण गरेर त्यहाँ पनि राप्ती नदीको बहाव र पानीको सतहबारे अनुगमन निरिक्षण गरेको थियो ।

अनुगमनका क्रममा टोलीले राप्तीसोनारी गाउँ पालिकाको विपद व्यवस्थापन समितिसंग समन्वयात्मक छलफल गरेको थियो । यस क्रममा बाढीजन्य जोखिमको अवस्था र पुर्वतयारीका भावी योजनाका बिषयमा छलफल भएको पालिकका प्रशासकिय अधिकृत लोक बहादुर शाले जानकारी दिए ।

यसै बिच गत जेष्ठ ३१ गते वसेको जिल्ला विपद् व्यवस्थापन समिति बाँकेको बैठकले बाँकि जिल्लामा यस वर्ष विपद्बाट २५ हजार घरपरिवारको १ लाख ५० हजार मानिसहरू प्रभावित हुन सक्ने पुर्वानुमानका आधारमा तयार भएको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको १५औं अद्यावधिक, २०७८ लाई सुझाव सहित अनुमोदन गरि यस योजनाका आधारमा विपद् पूर्वतयारी र प्रतिकार्यका गतिविधि संचालन गर्नका लागी निर्देशन दिने लगायतका निर्णय गरेको थियो । यसै गरि बैठकले बाँकेको बाढीजन्य प्रकोपको पूर्वतयारीका लागि राप्ती नदी, मान खोला ,किरण नाला, डुडुवा नाला लगायतका जोखिमयुक्त क्षेत्रहरुमा हुन सक्ने कटान तथा वाढीका कारण हुने क्षति न्यूनिकरणका लागि समयमै रोकथाम तथा आपतकालिन तटवन्धको लागि कार्य गर्न सम्वन्धित कार्यालयहरुलाई निर्देशन दिने समेत निर्णय गरेको जनाएको छ ।

- स्थानीय तहले बी ग्रुप, रेडक्रस जस्ता संस्थाहरूसँग समेत सहकार्य र समन्वय गरिरहेको पाइयो ।
- गाउँपालिकामा विपद् उद्धारको लागि ४६ जना तालिम प्राप्त व्यक्ति समेत सम्पर्कमा रहेको पाइयो ।
- गाउँपालिमा विभिन्न एफएमहरूबाट थारु भाषामा विपद्सम्बन्धी जानकारीमुलक सन्देश प्रसारण गरिरहेको पाइयो ।

## बर्दिया जिल्लामा अनुगमनका क्रममा भएका छलफल तथा विभिन्न व्यक्तिका भनाइहरू

**राजन गौतम, प्रहरी निरीक्षक, इलाका प्रहरी कार्यालय, ढोढरी, बर्दिया**

- यसवर्ष अहिलेसम्म बाढीबाट कुनै धनजनको क्षति नभएको ।
- कोठियाघाटको तल्लो भङ्गालो बढेमा कैलासी लगायतका क्षेत्र प्रभावित हुने गरेको छ ।
- विपद् पुर्व तयारी सम्बन्धमा मधुवन नगरपालिकामा छलफल भएको ।
- इलाका प्रहरीले पनि आफ्नो तर्फबाट तयारी गरिरहेको छ ।



*राजापुर नपामा विपद् व्यवस्थापनका विषयमा गरिएका पूव तयारीका विषयमा प्रहरी निरीक्षक राजन गौतमसँग जानकारी लिँदै ।*

**नन्दराम जैसी, स्थानीय, मधुवन नगरपालिका–३, कोठियाघाट**

- २०७२ सालमा ठुलो बाढी आएका कारण यस गाउँलाई प्रभाव पारेको थियो ।
- त्यसपश्चात हालसम्म बाढीको प्रभाव त्यति रहेको छैन ।
- भारतले बोर्डरमा बनाएको कैलाशपुरी व्यारेजको ढोका बन्द गरेमा नेपाली भूमिमा डुबानको समस्या हुनेछ । यसका लागि नेपाली पक्षले कुटनीतिक छलफलमार्फत भारतसँग सम्वाद गर्न जरुरी छ ।

**गणेशबहादुर क्षेत्री, मेयर, मधुवन नगरपालिका, बर्दिया**

- स्थानीय विपद् व्यवस्थापनको बैठकले विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना बनाएको छ ।
- सोही अनुसार विपद् व्यवस्थापनको लागि आवस्यक सामग्री खरिद प्रक्रिया अगाडि बढाइ सकेको छ ।
- वडा स्तरमा पनि विपद् व्यवस्थापन संयन्त्र रहेको छ ।
- विपद् व्यवस्थापनको लागि पर्याप्त सामग्री छैन ।
- सुरक्षा निकायसँग सो सम्बन्धमा आवश्यक समन्वय भइरहेको छ ।

**ईश्वर कार्की, प्रहरी उपरीक्षक, बर्दिया**

- विपद् प्रतिकार्य योजना २०७८ को तयारी भइसकेको छ ।
- विपद् व्यवस्थापनमा स्थानीय तहसँग सहकार्य भइरहेको छ ।
- आवश्यक सामग्रीहरूको जोहो गर्ने कार्य भइरहेको छ ।

## बर्दिया जिल्लामा अनुगमन गर्दा देखिएका तथ्यहरूः

अनुगमन टोलीले बर्दिया जिल्लाको राजापुर, गेरुवा, मधुवन नगरपालिकाका विभिन्न सम्भावित जोखिमयुक्त क्षेत्रहरूको स्थलगत अनुगमन गर्नुका साथै विभिन्न सरोकारवाला निकायहरू, स्थानीय व्यक्ति लगायतसँग छलफल, अन्तरक्रिया गरेको थियो । अनुगमन तथा छलफलका क्रममा प्राप्त तथ्यहरूलाई देहाय बमोजिम उल्लेख गरिएको छ ।



*बर्दियाका प्रहरी उपरीक्षक ईश्वर कार्कीसँग विपद् पूर्व तयारीका बारेमा जानकारी लिँदै ।*

- कर्णाली र बबईमा हालसम्म पानीको मात्रा खतराको सतहमा नपुगेको पाइयो ।
- यो वर्ष हालसम्म उक्त नदीहरूबाट कुनै धनजन क्षति नभएको पाइयो ।
- विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनाको लागि स्थानीय तह तथा जिल्लामा बैठक बसेर विपद् पूर्व तयारी र प्रतिकार्य योजना अद्यावधिक भएको पाइयो ।
- स्थानीय तहहरूमा मात्र विपद् व्यवस्थापन कोष रहेको हुँदा स्थानीय तहले नै विशेष तयारी गरेको र सुरक्षा निकायले पनि स्थानीय तहको समन्वयमा काम गरिरहेको पाइयो ।
- प्रभावित क्षेत्रका जनताहरूलाई सूचना तथा सन्देश प्रवाहमा भने सम्बन्धित निकाय मौन रहेको पाइयो ।
- स्थानीय जनतामा भने खासै विपद् पूर्व तयारी विषयमा जानकारी नरहेको पाइयो ।
- सुरक्षाकर्मीहरू विपद् पूर्व तयारीको अवस्थामा रहेको पाइयो ।

## निष्कर्ष

बाँके र बर्दिया जिल्लाका बाढी प्रभावित क्षेत्रहरूको अनुगमन र प्रभावित क्षेत्रका स्थानीय सरोकारवाला पक्षहरू, जिल्ला तहका सरोकारवालाहरूसँगको भेटघाट उपलब्धिमूलक रह्यो । विशेष गरी बाढी पूर्व अपनाउनु पर्ने सचेतना र पूर्व तयारीका सन्दर्भमा छलफल भयो । विभिन्न सरोकारवाला पक्षहरू बीचको समन्वय सहकार्य भइरहेको पाइयो । स्थानीय तहहरूले विभिन्न सामाजिक सङ्घ संस्थाहरूसँग समेत समन्वय सहकार्य गरेका राम्रा उदाहरणहरू पाइयो । समग्रमा बाढी पूर्वको तयारीमा जिल्ला तह र स्थानीय तहको समन्वय सहकार्य सन्तोषजनक पाइयो ।

**सुझाव**

नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी र स्थानीय स्तरमा बाढी पीडितहरूको उद्धारका लागि तालिम प्राप्त व्यक्तिहरूको महत्वपूर्ण भूमिका रहने हुँदा एक आपसमा समन्वय र सहकार्यका लागि टोलीले सम्बन्धित पक्षलाई सुझाव दिएको थियो । स्थानीय सरकारका जनप्रतिनिधिहरूको भूमिका पनि महत्वपुर्ण हुने हुँदा भेटघाटका क्रममा जनप्रतिनिधिहरूलाई बाढी पूर्व र बाढी आएको समयमा स्थानीय नागरिकहरूको सुरक्षाका लागि प्रभावकारी रुपमा कार्ययोजना बनाएर कार्य गर्नका लागि समेत टोलीले सुझाव दिएको थियो । साथै अनुगमन टोलीले बाढीका समयमा प्रयोग गरिने स्रोत साधन, आवश्यकता अनुसार राहतका बारेमा स्थानीय सरकारलाई बेलैमा सचेत हुन समेत अनुरोध गरेको थियो । स्थानीय तहहरूले विभिन्न सामाजिक सङ्घ संस्थाहरूसँग समेत समन्वय र सहकार्य गरेका राम्रा उदाहरणहरू पाइएकाले यसलाई निरन्तरता दिन सुझाव दिइएको थियो ।